# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५४) काठमाडौं, जेठ ७ गते २०६१ साल (अतिरिक्ताङ्क ५ (क)

## भाग २

श्री ५ को सरकार

कानून,न्याय तथा संसदीय व्यवस्था मन्त्रालय

श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवबाट जारी गरिबक्सेको तल लेखिए बमोजिमको अध्यादेश सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

२०६१ सालको अध्यादेश नं. १

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत वीरेन्द्रमाला महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम महागौरवमय सुप्रदीप्त वीरेन्द्रप्रजातन्त्रभास्कर परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

### राजपरिवार खर्च व्यवस्था ऐन, २०३१ लाई संशोधन गर्न बनेको अध्यादेश

प्रस्तावना: राजपरिवार खर्च व्यवस्था ऐन, २०३१ लाई तत्काल संशोधन गर्न आवश्यक भएको र हाल संसदको अधिवेशन नभएकोले,

9249

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवबाट नेपाल अधिराज्यको संविधान,२०४७ को धारा ७२ अनुसार यो अध्यादेश जारी गरिबक्सेकोछ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस अध्यादेशको नाम "राजपरिवार खर्च व्यवस्था (पहिलो संशोधन) अध्यादेश,२०६१" रहेकोछ ।

(२) यो अध्यादेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. राजपरिवार खर्च व्यवस्था ऐन,२०३१ को दफा ८ मा संशोधनः राजपरिवार खर्च व्यवस्था ऐन,२०३१ (यसपछि "मूल ऐन" भनिएको) को दफा ८ मा रहेका "श्री ५ नवयुवराजका हजूरमा" भन्ने शब्दहरु पछि "प्रत्येक आर्थिक वर्षमा" भन्ने शब्दहरु थपिएका छन् ।

३. मूल ऐनको दफा १८ मा संशोधनः मूल ऐनको दफा १८ को सट्टा देहायको दफा १८ राखिएको छः-

"१८. खर्चमा बृद्धिः (१) यस ऐनमा व्यवस्था गरिएको कुनै खर्चको रकम बृद्धि गर्न आवश्यक छ भन्ने श्री ५ लाई लागेमा मौसूफबाट सो रकम बृद्धि गर्न आदेश जारी गरिबक्सनेछ ।

(२) उपदफा (१) बमोजिम श्री ५ बाट जारी गरिबक्सेको आदेश नेपाल राजपत्रमा प्रकाशन गरिनेछ र सो आदेश यसै ऐनमा परे सरह मानिनेछ ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि श्री ५ को सरकारको कर्मचारीहरूको पारिश्रमिक तथा भत्ता समय समयमा वृद्धि हुँदा सोही अनुपातमा राजदरवारका कर्मचारीहरूको पारिश्रमिक तथा भत्ता पनि स्वतः बृद्धि हुनेछ । त्यस्तो वृद्धिलाई चाहिने आवश्यक रकम दफा १४ बमोजिम दाखिल हुने रकममा पनि स्वतः बृद्धि हुनेछ ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४. बचाउ: मिति २०६०।८। १० मा जारी भएको राजपरिवार खर्च व्यवस्था (पहिलो संशोधन) अध्यादेश, २०६० बमोजिम भए गरेका कामहरू यसै अध्यादेश बमोजिम भए गरेको मानिनेछ ।

लालमोहर सदर मिति २०६१।२।७५

आज्ञाले,
डा. कुलरत्न भूर्तेल
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार



9242

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवबाट नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ७२ अनुसार यो अध्यादेश जारी गरिबक्सेको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस अध्यादेशको नाम "चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान अध्यादेश, २०६१" रहेकोछ ।

(२) यो अध्यादेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस अध्यादेशमा,-

(क) "प्रतिष्ठान" भन्नाले दफा ३ बमोजिम स्थापना भएको चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान सम्झनु पर्छ ।

(ख) "सभा" भन्नाले दफा ८ बमोजिम गठन भएको सभा सम्झनु पर्छ ।

(ग) "प्राज्ञिक परिषद्" भन्नाले दफा १० बमोजिम गठन भएको प्राज्ञिक परिषद् सम्झनु पर्छ ।

(घ) "अस्पताल" भन्नाले दफा १२ बमोजिमको वीर अस्पताल सम्झनु पर्छ ।

(ङ) "अस्पताल व्यवस्थापन समिति" भन्नाले दफा १२ को उपदफा (३) बमोजिम गठन भएको अस्पताल व्यवस्थापन समिति सम्झनु पर्छ ।

(च) "सेवा आयोग" भन्नाले दफा १४ बमोजिम गठन भएको सेवा आयोग सम्झनु पर्छ ।

(छ) "पदाधिकारी" भन्नाले दफा १५ बमोजिम नियुक्त प्रतिष्ठानको निर्देशक, डीन तथा रजिष्ट्रार सम्झनु पर्छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग